संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४१

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार २५ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:१५ बजे प्रारम्भ भयो ।

प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले केहि दिन अगाडि सम्माननीय प्रधानमन्त्रीले दिनु भएको अभिव्यक्ति गैर जिम्मेवारपूर्ण र सार्वभौमिकता प्रतिकूल भएकोले समेत सम्माननीय प्रधानमन्त्रीले पदबाट राजीनामा दिनुपर्ने, सम्माननीय प्रधानमन्त्रीले हालै पुस्तक विमोचन कार्यक्रममा दिनुभएको अभिव्यक्तिका सम्बन्धमा सदनमा स्पष्ट जवाफ दिनुपर्ने, विगत २ दिनदेखि संसद अवरुद्ध हुनुको मुख्य कारणका सम्बन्धमा स्पष्ट नपारी प्रमुख प्रतिपक्षलाई नै दोष लगाउने कार्य सत्तापक्षबाट भएको, प्रमुख प्रतिपक्ष दल मिटर ब्याजीको पक्षमा रहेको भनी दोषारोपण गर्दै विज्ञप्ती निकालेको, फरक विचार सहित प्रतिपक्षको भूमिका रहेको राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यलाई सभाको अघिल्लो बैठकमा बोल्न समय उपलब्ध नगराइएको, सम्माननीय प्रधानमन्त्रीले दिनुभएको अभिव्यक्ति गम्भीर प्रकृतिको भएकोले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
२. मा० श्री रवि लामिछाने
३. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले पुस्तक विमोचनका क्रममा आफुले दिएको अभिव्यक्तिको विषयमा प्रतिपक्षी दलहरुले सदनमा उठाएका विषयमा स्पष्ट पार्दै आफुले भावनामा बगेर त्यस्तो अभिव्यक्ति दिनपुगेको र त्यो नभनेको भए हुन्थ्यो भन्ने आफुलाई लागेको भन्नुहुँदै आत्मसमीक्षा समेत गर्दछु भन्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको क्रम संख्या २ देखि ५ सम्मको कार्यक्रम कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त प्रतिनिधि सभाका सचिव श्री पद्मप्रसाद पाण्डेयले राष्ट्रिय सभामा उत्पत्ति भएको “नेपाल विश्वविद्यालय विधेयक, २०८०” को सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक सभामा टेबुल गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले पूर्व सदस्यको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो:-

शोक प्रस्ताव

“प्रतिनिधि सभाको यो बैठक, वि.सं. २०४८ सालमा नेपाली कांग्रेसबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित सदस्य तथा लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्नु भएका लालकाजी गुरुङको मिति २०८० साल असार २३ गते शनिबार ८३ वर्षको उमेरमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

त्यसपछि सभाले दिवंगत लालकाजी गुरुङको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार २९ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ५:२५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव